# जिरी नगरपालिका, दोलखा
# बागमती प्रदेश, नेपाल

## नगर सभाको
## चौधौं अधिवेशनमा

नगर उपप्रमुख

कृष्णमाया बुढाथोकी

द्वारा प्रस्तुत

# बजेट तथा कार्यक्रम

(आर्थिक वर्ष: २०८१/०८२)

**सम्मानित नगर सभाका सभाध्यक्ष ज्यू,**
**नगर सभाका सदस्यज्यूहरु,**
**उपस्थित कर्मचारी वर्ग र अन्य महानुभावहरू,**

आम नेपाली नागरिकको लामो त्याग, तपस्या र बलिदान पश्चात प्राप्त संघीय लोकतन्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको महत्वपूर्ण आधार स्तम्भको रुपमा रहेको स्थानीय सरकारको नगर उप-प्रमुखको हैसियतबाट जिरी नगरपालिकाको यस सम्मानीत नगर सभा समक्ष नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आर्थिक वर्ष २०८१/०८२ को राजश्व र व्यय को अनुमान (बजेट) पेश गर्न पाउँदा म अत्यन्त गौरवान्वित भएको छु।

आम जिरी बासीहरूको इच्छा आकांक्षालाई सम्बोधन गर्दै सुशासन, विकास निर्माण र सेवा प्रवाहका माध्यमबाट सु-संस्कृत र सभ्य नगर निर्माण गर्न विभिन्न विद्धत व्यक्तित्वहरू, बुद्धिजिवीहरू र मेरा आदरणीय प्यारा जिरीबासी आमाबुबा, दाजुभाइ, दिदी बहिनीहरूका तर्फबाट प्राप्त राय, सल्लाह र सुझावहरू हाम्रो दैनिक कार्य सञ्चालनका मार्गदर्शकको रुपमा रहदै आएका छन्। देशमा संघीयताको कार्यान्वयन सँगसगै स्थानीय सरकार प्रति आम नागरिकको ठूलो भरोसा र अपेक्षा रहदै आएको छ। उपलब्ध सिमित श्रोत साधन, परिपक्क भई नसकेको संस्थागत संरचना, पर्याप्त नीति नियम र कानूनको अभावमा हामीले दैनिक कार्य सञ्चालन गर्नु परिरहेको बाध्यात्मक अवस्था सबैमा महसुस भएकै विषय हो। यस कठीन अवस्थामा यहाँहरू सबैको साथ सहयोग र भरोसाले हामीलाई कार्यसम्पादनमा थप साहस र उर्जा प्राप्त भएको मैले महसुस गरेको छु। यसै सन्दर्भमा विगत वर्षहरुका बजेट कार्यान्वयनमा देखिएका चुनौतीहरुलाई केलाउँदै, नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेका अधिकार क्षेत्र तथा जिम्मेवारीप्रति प्रतिवद्ध रही नेपाल सरकार तथा बागमती प्रदेश सरकारको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रमहरुलाई मध्य नजर गर्दै जिरी नगरपालिकाको आ.व. २०८१/०८२ का नीति तथा कार्यक्रममा आधारित भई आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम तर्जुमा गरि प्रस्तुत गरिएको छ।

**सभा अध्यक्षज्यू,**
अब म सभासमक्ष चालु आर्थिक वर्ष २०८०/०८१ को जेठ मसान्तसम्मको आय तथा व्ययको समग्र अवस्था प्रस्तुत गर्न चाहन्छु:-

**<u>आय तर्फ:</u>**
चालु आ.व. २०८०/०८१ मा आन्तरिक राजश्व तर्फ १ करोड ५ लाख अनुमान गरिएकोमा समीक्षा अवधि सम्म ६८ लाख २ हजार ५ सय ५६ मात्र आम्दानी भई आन्तरिक श्रोतबाट प्रस्तावित कार्यक्रम कार्यान्वयनमा कठिनाई हुन गएको छ। संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँट रकम ८ करोड ३ लाख १४ हजार ६ सय अनुमान गरिएकोमा हाल सम्म जम्मा ५ करोड ३९ लाख १९ हजार ६ सय ७४ रुपैया २२ पैसा मात्र प्राप्त भएको तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व वाँडफाँट रकम २ करोड २७ लाख ८७ हजार ६ सय ७१ रुपैंया ६६ पैसा प्राप्त हुने अनुमान गरिएकोमा १ करोड २७ लाख ३० हजार ६ सय ९५ रुपैया ९५ पैसा मात्र प्राप्त भएकोले आ.ब.को अन्त्य सम्ममा पनि अनुमान बमोजिमकै राजश्व बाँडफाट रकम प्राप्त गर्न कठिनाइ हुन सक्ने अवस्था देखा परेको छ।

**<u>व्यय तर्फ:</u>**
चालु आ.व. २०८०/०८१ मा विनियोजित बजेट मध्ये समीक्षा अवधि सम्म चालु तर्फ २५ करोड ८६ लाख ८५ हजार ९१ रुपैंया (७२.५%) र पुँजीगत तर्फ ९ करोड १ लाख ८५ हजार ५ सय ४८ रुपैंया ३३ पैसा (४३.३९%) खर्च भई चालु आ.व. को अन्त्य सम्ममा करिब ८१% खर्च हुने आँकलन गरिएको छ।

**सभा अध्यक्षज्यू,**

अब म सभासमक्ष, आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटको प्रमुख उद्देश्य तथा प्राथमिकताका क्षेत्र उल्लेख गर्न चाहन्छुः-

**उद्देश्यः**

१. कृषिको व्यवसायिकरण र आधुनिकीकरण गरी जनताको आय तथा रोजगारी अभिबृद्धि गर्नु,
२. क्लिन जिरी, ग्रीन जिरी, अर्गानिक जिरी निर्माणको आधार तयार गर्नु,
३. पर्यटन पूर्वाधारको विकास तथा विस्तार गरी पर्यटकीय आवागमनमा बृद्धि ल्याउनु,
४. गुणस्तरीय, सन्तुलित र वातावरणमैत्री पूर्वाधारको विकास गर्नु,
५. आधारभूत स्वास्थ्य र गुणस्तरीय शिक्षामार्फत सामाजिक विकासमा सहयोग पुर्याउनु,
६. कृषिमा आयमूलक रोजगारी सिर्जना गरी युवा जनशक्तिलाई कृषि पेशामा आकर्षित गर्ने,
७. सेवा प्रवाहमा सुधार र नगरका कामकारवाहीहरुलाई पारदर्शी तथा जवाफदेही बनाई सुशासन कायम गर्नु,
८. आन्तरिक श्रोतमा बृद्धि गर्नु।

**प्राथमिकताः**

१. प्राङ्गारिक कृषि,
२. पर्यटन पूर्वाधारको विकास र विस्तार,
३. गुणस्तरीय, सन्तुलित र वातावरणमैत्री पूर्वाधारको विकास,
४. सामाजिक विकास,
५. सुशासन।

**सभा अध्यक्षज्यू,**

अब म सभासमक्ष, आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छुः-

१. आलु र किवीलाई जिरी नगरको मुख्य कृषि उत्पादनको रुपमा विकास गर्न यसको उत्पादन, प्रशोधन र बजारीकरण गर्न आवश्यक रकम विनियोजन गरेको छु।
२. कृषिमा दिँदै आएको अनुदान प्रणालीलाई उपलब्धिमूलक बनाउन कृषि तथा पशु किसानहरुलाई उत्पादनको आधारमा अनुदान उपलब्ध गराउन रकम विनियोजन गरेको छु।
३. बागमती प्रदेश सरकार, साना किसान कृषि सहकारी संस्था जिरी-५ र यस नगरपालिकाको साझेदारीमा प्राङ्गारिक मल कारखाना स्थापनाका लागि **रु. १० लाख** विनियोजन गरेको छु।
४. दूध उत्पादनको आधारमा कृषकलाई प्रति लिटर रु. २ का दरले उत्पादन अनुदानका लागि आवश्यक रकम विनियोजन गरेको छु।
५. प्राकृतिक प्रकोप वा महामारी रोगका कारण पशु तथा कृषि धनमा पुग्ने क्षतिमा राहत उपलब्ध गराउन कृषक राहत कोष स्थापनाका लागि **रु. १ लाख** विनियोजन गरेको छु।
६. कृषि उत्पादनको प्रबर्द्धन तथा बजारीकरणका लागि कृषि मेला आयोजना **गर्न रु. २ लाख ५० हजार** विनियोजन गरेको छु।
७. बागमती प्रदेशसँगको लागत साझेदारीमा एक वडा एक कृषि/पशु विकास साझेदारी कार्यक्रम संचालनका लागि **रु. ६ लाख** विनियोजन गरेको छु।
८. कृषि तथा पशु शाखा अन्तर्गतका कार्यक्रमका लागि रु**. ५८ लाख १२ हजार** बजेट विनियोजन गरेको छु।
९. जिरीको पर्यटन र पर्यटकीय संभावनाको प्रचार प्रसार गरी पर्यटकहरुको आगमनमा वृद्धि गर्नको लागि जिरी भ्रमण वर्ष कार्यक्रम सञ्चालन गर्नको लागि **रु. ८ लाख** विनियोजन गरेको छु ।
१०. जिरीमा आउने पर्यटकहरुलाई स्थानीय सांस्कृतिक कार्यक्रम नियमित रुपमा आयोजना गरी पर्यटकको बसाई अवधि लम्ब्याउन सांस्कृतिक कला केन्द्र स्थापनाको लागि **रु. ३ लाख ५० हजार** विनियोजन गरेको छु ।

११. जिरीका शिक्षित युवा युवतीहरुलाई सरकारी सेवामा सेवा प्रवेशको लागि अभिमुखीकरण गर्न लोक सेवा आयोग तयारी कक्षा सञ्चालन गर्नको लागि **रु. ३ लाख** विनियोजन गरेको छु।
१२. जिरीको पर्यटन सम्बन्धी कार्यक्रम सञ्चालनको लागि **रु. २१ लाख ५० हजार** विनियोजन गरेको छु।
१३. जिरीमा स्थायी बसोबास रहेका MBBS अध्ययन र बाबु आमा विहिन विपन्न विद्यार्थीको उच्च शिक्षा अध्ययनमा सहयोग गर्न कोष स्थापनाको लागि **रु. ५ लाख** विनियोजन गरेको छु।
१४. विद्यालयमा नगरपालिकाको तर्फबाट दिइने दिवा खाजा बापत दिइदैं आएको थप रकमलाई निरन्तरता दिएको छु।
१५. स्थानीय पाठ्यक्रम बमोजिम कक्षा १ देखि ८ सम्मको पाठ्यपुस्तक तयार गर्न आवश्यक रकम विनियोजन गरेको छु।
१६. जिरीमा विभिन्न समयमा सञ्चालन हुने खेलकुद प्रतियोगितालाई एकैपटक खेलकुद महोत्सवको रुपमा खेलकुद सप्ताह आयोजना गर्न **रु. १० लाख** विनियोजन गरेको छु।
१७. नगर स्तरीय एवं जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजना गर्न आवश्यक रकम विनियोजन गरेको छु।
१८. जिरी मा. वि. र ढुंगेश्वरी मा. वि. को बस सञ्चालनको लागि **रु. ४ लाख ५०** हजार विनियोजन गरेको छु।
१९. जिरी नगर शिक्षा योजना निर्माण, घुम्ती शिक्षक परिचालन, स्थानीय पाठ्यपुस्तक निर्माण लगायत शिक्षा क्षेत्रको कार्यक्रम सञ्चालनको लागि **रु. १ करोड ५४ लाख २० हजार** विनियोजन गरेको छु।
२०. आगामी २ वर्ष भित्र जिरी नगरलाई बालमैत्री नगर घोषणा गर्ने गरी कार्यक्रम सञ्चालन गर्न **रु. १० लाख ८५** हजार विनियोजन गरेको छु।
२१. सहकारी संस्थाको नियमन तथा प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालनको लागि सहकारी शाखा अन्तर्गत **रु. ६ लाख** विनियोजन गरेको छु।
२२. मातृ स्वास्थ्य एवं शिशु स्वास्थ्यमा सहयोग पुऱ्याउन सुत्केरी आमा सँग उप-प्रमुख कार्यक्रम सञ्चालनको लागि **रु. ४ लाख** विनियोजन गरेको छु।
२३. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांग, दलित लगायतका लक्षित कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।
२४. ज्येष्ठ नागरिक तथा क र ख वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई घर घरमा गई स्वास्थ्य सेवा उपलब्ध गराउन **ज्येष्ठ नागरिक र अशक्तको सेवामा नगर प्रमुख** कार्यक्रम सञ्चालनको लागि **रु. ४ लाख ५० हजार** विनियोजन गरेको छु।
२५. जिरी अस्पतालको सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक रकम विनियोजन गरेको छु।
२६. स्वास्थ्य शाखाबाट सञ्चालन हुने कार्यक्रमको लागि **रु. १ करोड ८५ लाख ६० हजार** विनियोजन गरेको छु।
२७. विभिन्न सीप विकास तालिम एवं व्यवसाय प्रवर्द्धनको लागि लघु उद्यम विकास शाखाबाट सञ्चालन हुने कार्यक्रमको लागि **रु. १६ लाख ६० हजार** विनियोजन गरेको छु।
२८. मेलमिलाप सम्बन्धी आधारभूत तालिम तथा न्यायिक समिति सम्बन्धी कार्यक्रम सञ्चालनको लागि **रु. ८ लाख २० हजार** विनियोजन गरेको छु।
२९. विपद् व्यवस्थापन कोष लगायत विपद् व्यवस्थापन कार्यक्रमको लागि **रु. ३३ लाख** विनियोजन गरेको छु।
३०. पञ्जीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमको लागि **रु. १२ लाख २७ हजार** विनियोजन गरेको छु।
३१. घुम्ती सेवा शिविर सञ्चालन, उपभोक्ता समितिहरुलाई अभिमुखीकरण कार्यक्रम, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण लगायत योजना शाखाबाट सञ्चालन हुने कार्यक्रमको लागि **रु. ३५ लाख ५० हजार** विनियोजन गरेको छु।

३२. वडा स्तरीय योजना तथा कार्यक्रम सञ्चालनको लागि **रु. ४ करोड १० लाख ७९ हजार** विनियोजन गरेको छु।

३३. नगर स्तरीय पूर्वाधार विकास लगायतका अन्य कार्यक्रमको लागि **रु. २ करोड २७ लाख** विनियोजन गरेको छु।

३४. करको दर भन्दा दायरालाई जोड दिदैं कर संकलन गर्नको लागि कर सचेतना कार्यक्रम सञ्चालनको लागि आवश्यक रकम विनियोजन गरेको छु।

३५. विगतमा व्यवसाय दर्ता गरी हालसम्म नवीकरण नगरेका व्यवसायको नवीकरण गर्दा लाग्ने जरिवाना छुट दिने गरी आर्थिक ऐनमा व्यवस्था मिलाएको छु।

३६. आर्थिक वर्ष २०८१/८२ को बजेटमा कुल आय अनुमान तर्फ **रु. ५५ करोड ९ लाख ८८ हजार** र कुल व्यय अनुमान तर्फ **रु. ५५ करोड ९ लाख ८८ हजार** प्रस्ताव गरेको छु। आय र व्यय अनुमानको विस्तृत विवरण **अनुसूची १** मा उल्लेख गरेको छु।

३७. आर्थिक वर्ष २०८१/०८२ को कूल बजेट विनियोजन मध्ये पूँजीगत तर्फ **रु. १८ करोड ३५ लाख (३३.३०%)** र चालू तर्फ **रु. ३६ करोड ७४ लाख ८८ हजार (६६.७०%)** विनियोजन गरिएको छ।

३८. आर्थिक वर्ष २०८१/८२ को बजेटको शाखागत खर्च प्रस्तावलाई **अनुसूची २** मा उल्लेख गरेको छु।

३९. आर्थिक वर्ष २०८१/८२ को बजेटको वडागत खर्च प्रस्तावलाई **अनुसूची ३** मा उल्लेख गरेको छु।

४०. आर्थिक वर्ष २०८१/८२ को बजेटको आय र व्ययको ३ वर्षको प्रक्षेपण प्रस्तावलाई **अनुसूची ४** मा उल्लेख गरेको छु।

४१. आर्थिक वर्ष २०८१/८२ को बजेटको चालू खर्च प्रस्तावलाई **अनुसूची ५** मा उल्लेख गरेको छु।

४२. आर्थिक वर्ष २०८१/८२ को बजेटको आन्तरिक आम्दानीको ३ वर्षको प्रक्षेपण प्रस्तावलाई **अनुसूची ६** मा उल्लेख गरेको छु।

४३. आर्थिक वर्ष २०८१/८२ को संघीय ससर्त र प्रदेश ससर्त तथा संघीय समपूरक र प्रदेश समपूरक अन्तर्गतका कार्यक्रमहरुको विस्तृत विवरण **अनुसूची ७** मा उल्लेख गरेको छु।

अन्तमा, नगरको विकास र समृद्धिमा महत्वपूर्ण सल्लाह, सुझाव र रचनात्मक साथ सहयोग पुर्‍याउनु हुने जिरीका क्रियाशील राजनितिक दल, स्थानीय समाजसेवी बुद्धिजिबी, नागरिक समाजका प्रतिनिधि, सञ्चारकर्मी लगायत महानुभावहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु। साथैं आगामी दिनहरुमा समेत यस प्रकारको रचनात्मक सुझाव तथा सहयोग प्राप्त हुनेछ भन्ने दृढ विश्वास लिएको छु।

त्यसैगरी प्रस्तुत बजेट तथा कार्यक्रम तयार गर्ने क्रममा अभिभावकत्व प्रदान गर्नु हुने नगर प्रमुखज्यू, वडा अध्यक्ष एवं कार्यपालिका सदस्य ज्यूहरु, नगरसभाका सदस्य ज्यूहरु, विषयगत समितिका पदाधिकारी ज्यूहरु, बजेट तर्जुमा समितिका पदाधिकारीज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी मित्रहरु र सम्पूर्ण नगरवासी आमा बुबा दाजुभाइ, दिदी, बहिनीहरुमा समेत हार्दिक धन्यवाद व्यक्त गर्दछु।

सदा झैँ प्रस्तुत वार्षिक बजेट, नीति तथा कार्यक्रमहरुको पारदर्शी एवं प्रभावकारी कार्यान्वयनमा सम्पूर्ण सरोकारवाला तथा आम नगरबासीहरुको रचनात्मक साथ सहयोग र सद्भाव रहने छ भन्ने कुरामा पनि म पूर्ण विश्वस्त छु।

धन्यवाद !
कृष्णमाया बुढाथोकी
नगर उप-प्रमुख

२०८१ असार १० गते रोज २ शुभम्